महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

अछावें (शिक्षा, विज्ञान तथा प्रविधि तथा विश्वविद्यालय निर्देशनालय)
डोरमुकाम, प्यूठान

पत्र संख्याः २०७८/७९
च.नं. ६

मितिः २०७८।०६।१९

श्रीमान् प्रमुख ज्यू,
...रुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
...डडाँडा, प्यूठान ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ ...विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण ...री मिति २०७८/६/१८ मा छलफल पश्चात् तयार गरिएको पाना २३ (तेइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ ... । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको ... लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन ...र्नु हो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ...फा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी ...म्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी ...राइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(श्रीराम तिमिल्सिना)
(निर्देशक)

...धार्थ तथा कार्यार्थः
... संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
...दरवार काठमाण्डौ- प्रतिवेदन संलग्न छ ।

...कोष तथा लेखा नियन्त्रक कार्यालय,
... र प्रदेश खलङ्ग प्यूठान - प्रतिवेदन संलग्न छ ।

...ne: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

Scanned with CamScanner

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालय र स्थान : सरुमारानी गाउँपालिकाको कार्यालय, बडडाँडा , प्यूठान, लुम्बिनी प्रदेश				आर्थिक वर्ष: २०७७/०७८		
	नाम	कार्यरत अवधि		बेरुजु रकम		
		देखि	सम्म	पेश्की बाहेक बेरुजु	पेश्की	जम्मा
कार्यालय प्रमुख	श्री अमर बहादुर घर्ती	२०७७/०४/०१	२०७७/०९/१०	१६१२६८५	१४४४८०००	१६०६०६८५
	श्री चिन्तामणी रेग्मी	२०७७/०९/११	२०७८/०३/३१			
लेखा प्रमुख:	श्री टोप बहादुर शाही	२०७७/४/१	२०७८/०३/३१			

- **संवैधानिक र कानूनी व्यवस्था :** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम कार्यपालिकाले कार्य गर्दै आएको छ ।

- **आर्थिक कारोवारको स्थिती:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम कार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेका प्राप्ती र भुक्तानी हिसावको आर्थिक वर्ष २०७७/०७८ को समग्र आर्थिक कारोवारको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सरुमारानी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान, लुम्बिनी प्रदेश
आर्थिक वर्ष २०७७।०७८को एकिकृत आर्थिक विवरण

सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		२६३३९५६६	१	चालु खर्च	२२४३७०२५३.३	२२४३७०२५३.३
	क) नगद			२	पूँजीगत खर्च	११३८१६४८९.५	११३८१६४८९.५
	ख) संचित कोष	२१३१८२८३.९६		३	धरौटी फिर्ता	१२०१९९३	१२०१९९३
	ग) धरौटी	४१४२५९६.४		४	सामाजिक सुरक्षा	४१४२०९६६	४१४२०९६६
	घ) प्रकोप व्यवस्थापन कोष	४९५८३९.४९		५	स्थानीय पूर्वाधार विकास साझेदारी	८८५४३१.२५	८८५४३१.३
	ङ) विभाज्य कोष	३८३४६.५		६	स्थानीय प्रशासकिय भवन पुवार्धार विकास	२०४१९७८.२	२०४१९७८
	च) वातावरण तथा विकास कोष खाता	३०९५००		७	बजेट फिर्ता को.ले.नि.का		३०२२४०००
	छ) महिला तथा वालविकास कोष	३५०००			संघीय समपुरक अनुदान	२५५५०००	
२	राजस्व (आन्तरिक आय)		७३४६२६४५.३		संघीय सर्शत अनुदान	२७६६९०००	
	क) आन्तरिक राजस्व	९४२१२९६.०९		८	बजेट फिर्ता को.ले.नि.का		४९६१०००
	ख) राजस्व बाँडफाँड	६४०४१३४९.१९			प्रदेश सर्शत	९६१०००	
३	वित्तीय हस्तान्तरण संघ		२६७४२५८१०		प्रदेश समपुरक फिर्ता	२९०७०००	

Scanned with CamScanner

	क) वित्तीय समानीकरण अनुदान	८१९००००			प्रदेश विशेष	१०९३०००	
	ख) सशर्त अनुदान	१८२९७०८१०					८१७८९०८
	ग) समपूरक अनुदान	२५५५०००			विविध खर्च खाता	२१०७९७०	
	घ) विशेष अनुदान,	०			प्रकोप व्यवस्थापन कोष	६०७०९३८.२१	
४	सामाजिक सुरक्षा	४१४२०९६६	४१४२०९६६		बैंक मौज्दात		४१३३९८४१
५	स्थानीय पूर्वाधार विकास साझेदारी	८८५४३१.२५	८८५४३१.२५		चालु खर्च	०	
६	स्थानीय प्रशासकिय भवन पुवार्धार विकास	२०४१९७८.२	२०४१९७८.२		पुजिगत खर्च	०	
७	प्रदेश सरकारबाट प्राप्त अनुदान		४१३४९०००		संचित कोष	३३१७१६७९.८७	
	क) वित्तीय समानीकरण अनुदान	५०६८०००			लैंगिक हिंसा निवारण कोष	१०००००	
	ख) सशर्त अनुदान	१४८५००००			कर्मचारी कल्याण कोष	५०००००	
	ग) समपूरक अनुदान	१५४३१०००.			प्रकोप व्यवस्थापन कोष	२६७४९०१.२८	
	घ) विशेष अनुदान	६००००००			विभाज्य कोष	३८३४६.५	
८	लैंगिक हिंसा निवारण कोष को आय	१०००००	१०००००		वातावरण तथा विकास कोष	३०९५००	
९	कर्मचारिं कल्याण कोष आय	५०००००	५०००००		विविध खर्च खाता	३८४२८८.६	
१०	विविध खर्च खाता आय	२४९२२५८.६	२४९२२५८.६		धरौटी	४१२६१२४.९१	
११	प्रकोप व्यवस्थापन कोष आय	८२५००००	८२५००००		महिला तथा वालविकास कोष	३५०००	
१२	विषयगत निकायबाट प्राप्त रकम	१९७३४५२	१९७३४५२				
१३	धरौंटी आय	११९१५२१.५	११९१५२१.५				
१४	अन्य विविध आय	१००८२३१.३९	१००८२३१.४				
	जम्मा		४६८४४०८६०.६		जम्मा		४६८४४०८६

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नामः सरुमारानी गाउँपालिकाको कार्यालय, बडडाँडा प्यूठान, लुम्बिनी प्रदेश आ.व.२०७७/०७८

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण
	उपरोक्त आर्थिक कारोवारको महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७८, समष्टिगत र ईकाइगत स्वीकृत लेखापरीक्षण योजना, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको गणितीय शुद्धतालाई आधार लिई, एवं सार्वजनिक लेखापरीक्षण सम्बन्धी मार्गदर्शन तथा असल अभ्यास तथा कार्यालयवाट पेस भए सम्मको स्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर मिति २०७८/०६/१८ मा व्यवस्थापन पक्षसंग भएको छलफल पश्चात कायम गरेको ब्यहोरा संलग्न गरी देहाय अनुसारको प्रतिवेदन तयार गरिएको छ.।		
	लेखापरीक्षणको क्रममा रु.९५६००।०० र सम्परीक्षणको क्रममा रु.१५९८९५९/- गरी जम्मा रु.१६९४५५९/- असुली गरी संघीय संचित कोषमा दाखिला भएको छ ।		
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सरुमारानी पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १५७.९७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ६२७ जनसंख्या रहेको छ ।		
१.	**वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।		
२.	**आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयवाट आन्तरिक नियन्त्रण प्राणली तयार गरेको छैन कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा देखिएका व्यहोराहरु निम्न छन् ।		

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्योटको विवरण
	• जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा उल्लेख भए बमोजिम पुराना सामान मर्मत सम्भार र लिलाम बिक्री गरेको छैन, • मूल्य नखुलेका पुराना मालसामानको मुल्य खुलाई राखेको छैन, जिन्सी खाता हालको ढांचामा नराखेको । • ईन्धन खर्च नियन्त्रणको लागी सवारी साधनहरुको लगबूक तथा प्रयोजनको प्रमाण कागजात व्यबस्थीत नभएको । • खरिद आवस्यकताको पहिचान गरी खरिद कार्य गर्नको लागी खरिद ईकाई गठन नभएको । • दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा भ्रमण अभिलेख तथा भ्रमणको उद्धेश्य अनुसारका भ्रमण प्रतिवेदन दिने गरेको छैन । • दैनिक कार्यसम्पादन विवरण, कर्मचारी दस्तखत नमुना फाराम नराखेको, • दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा भ्रमण अभिलेख तथा भ्रमणको उद्धेश्य अनुसारका भ्रमण प्रतिवेदन दिने गरेको छैन		
३.	खरिद योजनाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद यजना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले नियमानुसार वार्षिक खरिद योजना तयार गरेकों देखिएन । अतः नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित बनाउनु पर्दछ ।		
४.	स्वीकृत लेखा ढाँचाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६/२/१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा प्रतिवेदन तयारी तथा लेखाङ्कन गरेको नपाईएकोले गाउँपालिकाले आय तथा व्ययको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ ।		
५.	एकीकृत आर्थिक संकेतः सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरी एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा गाउँपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ ।		
६.	मध्यकालीन खर्च संरचनाः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक		

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्योटको विवरण
	वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ । (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्टयाई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।		
७.	बार्षिक प्रतिबेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ब्यबस्था रहेकोमा बार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना गरी बार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ ।		
८.	चौमासिक विवरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ ।		
९.	अवकाश कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्नुपर्दछ ।		
१०.	कन्टिन्जेन्सी खर्चको अभिलेखः सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई		

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण
	व्यवस्थित गर्ने निर्देशिका, २०७४ बमोजिम कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था गरे तापनि कार्यालयले सो अनुरूप अभिलेख राखेको पाईएन । स्वीकृत निर्देशिकाको पालना गर्नुपर्दछ ।		
११.	लेखापरीक्षण समितिः आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ३४(३) मा स्थानीय तहले लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए/नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उक्त समिति समेत गठन नगरेकोले तोकिए बमोजिम समिति गठन गरी गत विगतका लेखापरीक्षण प्रतिवेदनमाथि कारवाही गरि आर्थिक अनुशासनमा सुधार गर्नुपर्ने देखिन्छ ।		
१२.	विवरण सार्वजनिकः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ ।		
१३.	योजना छनौटः स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ । (क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, (ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, (ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, (घ) स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, (ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, (च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, (छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने, (ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गर्न सघाउ पुर्याउने, आदी । गाउँपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ, गाउँपालिकाद्वारा ५ लाखभन्दा कमका ५० भन्दा बढी योजनाहरु सञ्चालन गरेको छन् । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना था बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।		

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्योटव विवरण
१४.	**सम्पतीको संरक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्थानिय तह तथा दफा ९८ मा जिल्ला सभाले आफ्नो क्षेत्र भित्रको सम्पतीको रेखदेख,मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले साविकमा गा वि स र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका गा वि स हाल गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा अभिलेख नराखेकोले यस पालिकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ		
१५.	**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २८ मा गाउँपालिका वा गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा गाउँपालिका वा गाउँपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा ३१ मा गाउँपालिका वा गाउँपालिकाले सो दरखास्त उपर जाँचवुझ गर्ने तथा दफा ३३ तथा ३४ बमोजिम भवनको नक्सा सहित भवन निमार्ण गर्न अनुमति दिनुपर्ने उल्लेख भएकोमा यस गाउँपालिका वा गाउँपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयलाई भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने गाउँपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ ।		
१६.	**श्रोत अनुमान तथा बजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । गाउँको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी बजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।		
१७.	जिन्सी निरीक्षण प्रतिबेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा		

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्योटको विवरण
	उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ ।		
१८.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा कार्यपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, कार्यपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ ।		
१९.	**पाइपको मौज्दातः** कार्यालयको जिन्सी माज्दातमा विभिन्न साइजका रु ९८२७०५.६५ पाइप मौजदात रहेको देखिएकोले उक्त पाइप कुन कुन योजनाका लागी खरीद भएको हो त्यसको खर्च र प्राविधिक मुल्याङ्कन पेश गर्नु पर्ने देखिएको रु.	९८२७०५.६५	
२०.	**डोर हाजिरी फाराम नियन्त्रण खाताः** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को, कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ ।		
२१.	**सामाजिक परीक्षणः** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत		

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योटको विवरण
	कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुंजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ ।		
२२.	खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट .९४२१२९६.०० राजस्व बाँडफाँड र अनुदानबाट रु (समेत रु.३८५२३६८३०.०० आम्दानी भएकोमा चालुतर्फ रु. २२४३७०२५३.०० र पूँजिगततर्फ रु ११३८१६४८९.०० र वित्तिय ब्यबस्था तर्फ रु. ९३८०९०१ (समेत रु ३८२५३५११७.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. ११२८८०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ११९.८१ प्रतिशत रहेको छ । पालिकालाई प्रास भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९ प्रतिशत चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्रास अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।		
२३.	आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष ४२ व्यक्ति एवं संघ संस्थालाई रु. ४२१३०६०/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।		
	अनुदान प्रासि, वितरण र फिर्ता		
२४.	अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्रास हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्रास विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु ३५१८५०००/- मिति २०७८ श्रावण महिनामा फिर्ता गरेको छ ।		

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्रास रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१८५५२५८१०	१५७८५६८१०	२७६६९०००
	समपुरक	२५५५०००	०	२५५५०००
प्रदेश सरकार	शसर्त	१४८५००००	१३८८९०००	९६१०००
	विषेश	६००००००	४९०७०००	१०९३०००
	समपुरक	१५४३१०००	१२५२४०००	२९०७०००
जम्मा		२२४३६१८१०	१८९१७६८१०	३५१८५०००

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योटको विवरण
२५.	सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन२०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले ,		

<table>
<tr><th>दफा</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th><th>फस्यौट विवरण</th></tr>
<tr><td></td><td>लेखापरीक्षण गराई उपलब्ध गराएको बेरुजु फर्छ्यौट गराएको छैन । आन्तरिक लेखापरीक्षकको प्रतिवेदन कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>३४.</td><td>विविध कोषः स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ ले संचितकोष चालुकोष आन्तरीक कोषा, पुंजीगत कोष दफा ७०ले आकस्मिक कोष, दफा ९१ले अवकासकोष संचालन गर्न सक्ने ब्यवस्था गरेको छ ।कार्यालयले देहाय अनुसार विविध कोष संचालन गरेकोले कानुन अनुसारको कोष संचालन गर्नु पर्दछ ।
<table>
<tr><th>कोषको नाम</th><th>मौज्दात रकम</th></tr>
<tr><td>कर्मचारी कल्याणकोष</td><td>५०००००.००</td></tr>
<tr><td>प्रकोप ब्यवस्थापनकोष</td><td>२६७४९०१.२८</td></tr>
<tr><td>लैगिकहिंसा निवारणकोष</td><td>१०००००.००</td></tr>
<tr><td>विविध खर्च खाता कोष</td><td>३८४२८८.६</td></tr>
<tr><td>वातावरणकोष</td><td>३०९५००.००</td></tr>
<tr><td>महिला तथा बालबालिका कोष</td><td>३५०००.००</td></tr>
<tr><td>जम्मा</td><td>४००३६८९.८८</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>३५.</td><td>धरौटीः गत बर्षको जिम्मेवारी रु ४१४२५९६.००यस वर्षको धरौटी आय रु. ११९१५२१.५० गरी जम्मा आम्दानी रु ५३३४११७.९१ भई फिर्ता खर्च रु. १२०१९९३.०० बांकी मौज्दात रु ४१३२१२४.९१०० देखाएको मध्ये रु. ११०७४०.०० को नाम नामेसी नखुलाएको रकम देखिएकोले आवश्यक छानविन गरी नाम नामेसी खुलाउने र नखुल्ने रकम आवश्यक निर्णय गरी सदर स्याहा गरी संचितकोषमा आम्दानी जनाउनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>३६.</td><td>प्रकोष व्यवस्थापनकोषः यस कोषमा गत वर्षको जिम्मेवारी सहित रु. ८७४५८३९.४९ खर्च रु. ६०७०९३८.२१ खर्च भई रु. २६७४९०१.२८ बांकी देखाएकोमा खर्च मध्ये सबै खर्च कोभिड १९ मा भएको देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td></td><td>गाँउपालिका पुँजीगत तर्फ</td><td></td><td></td></tr>
<tr><td>३७.</td><td>प्रशासनिक भवनः प्रशासनिक भवन निर्माणको लागि रु ५९५१८६७/२४ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान गरेकोमा सवै भन्दा कम सकार गर्ने जगन्नाथ कन्सष्ट्रकसन्ससंग मिति २०७७/३/२५ मा ०७७/११/२९ सम्ममा काम सम्पन्न गर्नेगरी रु. ५७०९८१६।९० मा संझौता भएको देखिन्छ । निजले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेकोले ०७७/११/२६ को निर्णयले २०७७/३/२५ सम्म म्याद थप भई काम सम्पन्न गरी रु ६४८८५७६/- भुक्तानी भएकोमा देखिएको व्यहोरा देहाय अनुसार छ ।
(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को १ र ३ मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट र निर्माण स्थलको व्यवस्था लगायतका आवश्यक पूर्व तयारी गरेर मात्र वोलपत्र आव्हान गर्नु पर्नेमा पालिकाले भवनको लागि पार्कीङ्ग,वाटो निकासको व्यवस्था आदीको पर्याप्त अध्ययन नगरेको कारण थप जग्गा खरीदको लागि यस वर्ष रु २१,२५०००/- खर्च गरेको देखिन्छ ।</td><td></td><td></td></tr>
</table>

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योंटको विवरण
	आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत तथा अभिलेख व्यवस्थित राखि सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।		
	गाउँपालिका चालु		
२६.	**कर्मचारी दरबन्दी र पदपुर्तिः** कार्यालयको लागि स्वीकृत भएको कर्मचारी दरबन्दी अनुसारको पद पुर्ति भएको हुनुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कुल दरबन्दी संख्या ५९ रहेकोमा पदपुर्ति ४८ रहेको देखिएकोले रिक्त ११ दरबन्दी पदपुर्ति गराई कार्यालयबाट गरिने सेवा प्रवाहलाई छिटोछरीतो बनाउनेतर्फ पहल गर्नु पर्दछ ।		
२७.	**पारीश्रमिक करः** आयकर ऐन २०५८को दफा ८७ मा पारीश्रमिक कर लाग्ने आयमा रकम भुक्तानी गर्दा देहाय अनुसार ले हुने रकम कर कट्टा गरी भुक्तानी दिनु पर्ने ब्यबस्था छ । कार्यालयले पारीश्रमिक आयमा अग्रिम कर कट्टा नगरेकोले असुल गरी सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.	१२२६४४	

कर्मचारीको नाम	बार्षिक आय रकम	छुट रकम	कर योग्य रकम	महिना	लाग्ने कर रकम
अध्यक्ष श्री झग बहादुर विश्वकर्मा	८०५०००	४५००००	३५५०००	२०	६१०००
उपाध्क्ष श्री मिना सोमै	७२८०००	४५००००	२७८०००	२०	४२८२०
अधिकृत छैटौं श्री टोप बहादुर शाही	६३७०४६	५७७७९२	५९२५४	१२	५९२५
अधिकृत छैटौं श्री दीक्षा देवकोटा	६२९०४६	५७७७९२	५१२५४	१२	५१२५
आइटी अफिसर श्री शिवराज न्यौपाने	४८३८७०	४५००००	३३८७०	१२	३३८७
ई श्री रविकुमार राना	४९३८७०	४५००००	४३८७०	१२	४३८७
जम्मा					१२२६४४

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योंटको विवरण
२८.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका २८ विद्यालयलाई वित्तीय समानीकरण अनुदानबाट रु.६८७५९२१.०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।		
	प्रदेश सरकार हस्तानतरीत पूँजिगत		
२९.	**पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको असार मसान्तसम्म पेश्की फस्यौंट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद नाघेको देहायका पेश्की फस्यौंट गर्न बाँकी देखिएको रु.	१६०००००	

पेश्कीको विवरण	पेश्कीलिने फर्म/कर्मचारी	पेश्की रकम रु.

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योटको विवरण
३८.	उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले रु ८७३८१०६ लागत अनुमान भएको बहुवर्षिय हंसपुर वृहत खानेपानी योजनामा पालिकाले रु ५२१३८५७/- बुटवल पावर कम्पनी बाट रु१३८९४४८/- र जश्रमदानबाट रु१३४८६५८/- बेहोर्न्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु.५२१३८५७/- खर्च लेखेको छ ।माडी खोलाको पानी लिफ्ट गरी खानेपानी व्यवस्थापन गर्ने यस योजनामा गत विगतमा ४ करोड भन्दा वढी खर्च भै सकेतापनि निर्माण सम्पन्न हुन सकेको छैन । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।		
३९.	बीमा नगराएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम बीमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । । ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगावै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरु अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केहि उदाहारणहरु देहाय बमोजिम छन्: सि.न | विवरण | निर्माण व्यवसायी | सझौता रकम १ | ६ न. वडा कार्यालय भवन | विरकट्टा नि.से. | ३९८९४२८/- २ | ढुङ्ग्रे गढी स्वास्थ्य चौकी भवन | सुर्य विक्रम नि.से. | ४२९६५७४/- ३ | हंसपुर वृहत खानेपानी | ओम कन्सष्टन्स | १५४३८७९६/-		
४०.	हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि		

भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण

नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
११३/०७८/३/९	दर्शन चोक मोटर बाटो उ.स.	मोटर बाटो	७०००००	डोजर, एक्साभेटर	७०००००
११७/०७८/३/३०	भृकुटी मो.बाटो उ.स.	मोटर बाटो	४३९६४१४	डोजर, एक्साभेटर	४३९६११४
५०/०७७/१२/१७	भिङ्ग्री खोला सडक उ.स	मोटर बाटो	७०००००	डोजर, एक्साभेटर	७०००००
जम्मा					५७९६११४

नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

जटिल संरचना निर्माण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१९५/०७८/३/३०	धनकोट खा.पा. उ.स.	खानेपानी योजना	२९८९६३८
१९७/०७८/३/३०	भृकुटी मो.बाटो उ.स.	मोटर बाटो योजना	४३९६४१४
/१५६/०७८/३/२२	वाङ्गेसाल सिचाई उ.स.	सिचाई योजना	६१४७५५५
जम्मा			१३५३३६०७

नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

णस्तर परीक्षण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) नुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित ाविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु राउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति र्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको इएन । सो सम्बन्धमा कार्यालयको ध्यान जानुपर्ने देखियो ।

फाइलर: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य भिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित न्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर केबाट ६ नम्बर वडा कार्यालय भवन निर्माण गर्ने विरकट्टा .(६०९५७५९०३) लाई मु.अ.कर रु४३०९४९/- समेत रु ३७,४५,९४२/-

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण
	- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि सो फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।		

गोभौनं./मिति	भुक्तानी रकम	मुअकर कर रकम	नन्फाइलर रहेको मिति
१० र २७ तिन विलबाट	३७४५९४२.० (रनिङ्ग विलहरु)	४३०९४९.०	०७७/१०/१
२०५/०७८/३/२३	४९०१५०/-	५६३८७	२०७७/१०/१
जम्मा		४८७३३६	

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण
	कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	४८७३३६	
४४.	**सवारी साधन खरिदः** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं .५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. २६३९०० खर्च गरेको छ।		
४५.	**शीर्षक फरकः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च लेख्नु अघि स्वीकृत कार्यक्रमको लागि बजेट विनियोजन भएको बाहेक अन्य कार्यको लागि खर्चा गर्न नहुने साथै चालू प्रकृतिको खर्च पूँजिगत शीर्षकबाट खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले देहायका चालू प्रकृतिका खर्च पूँजिगत शीर्षकबाट भुक्तानी गरी खर्च रु. २०००० नियमित नदेखिएको रु.	२००००	

गो.भौ.नं/मिति	खर्चको विवरण	खर्च रकम
११२/७८/०३/०८	उपचार खर्च राहत	५०००.००
१२५/७८/०३/१६	घर भत्केको क्षतिपुर्ती	५०००.००
१६४/०७८/०३/२५	राहत क्षतिपुर्ती	१००००.००
जम्मा		२००००.०

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण
	सामाजिक सुरक्षा तथा जेष्ठनागरीक सम्मान कार्यक्रम		
४६.	**सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ.व. २०७७/७८ मा यस गाउँपालिकाका ६ वटा वडाको करीव १७५८ लाभग्राहीको लागि सामाजिक सुरक्षा भत्ता बापत रु. ४१९५२०००/- को बजेट व्यवस्था भएकोमा रु. ४१४२०९६६/- निकासा भएको देखिन्छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ।		
४६.१.	**लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम .		

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्योटको विवरण
	एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले . आइ भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख एस प्रविष्टी गर. आइ .परिचयपत्र तथा एमको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखिएन ।		
४६.२.	**सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसार गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।		
४६.३.	**भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।		
	कर दस्तुर एवं आन्तरिक आय		
४७.	**कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।		

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति र घरजग्गा कार	२००००००	१०५०४०४	५२.५२
घरबहाल कर	३५००००	१५०१८५	४२.९०
व्यवसाय कर	७०००००	३५३६९५	५०.५२
बहाल विरौटी शुल्क	०	०	०
अन्य कर	५५५००००	७८६७०१२	१४१.७५
जम्मा	८६०००००	.९४२१२९६	१००.१०

गाउँपालिकाले रु. ८६००००0।00 आन्तरिक आय अनुमान गरेकोमा रु.६९१९९९३।०६ अर्थात १००.१० प्रतिशत आम्दानी गरेको छ । गाउँपालिकाले समग्रमा लक्ष्य अनुसार नै आय संकलन गरे तापनि सबै शीर्षकको अनुमान बराबरको आय प्राप्त भएको देखिएन । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने

Scanned with CamScanner

	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योंटको विवरण
	अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई आन्तरिक आय अनुमान अनुसारको आम्दानी गर्ने तर्फ ध्यान दिनु पर्दछ ।		
८.	आय ठेक्काः गाउँपालिका अन्तर्गत रहेको खोलाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको लागी दुई पटकसम्म सिलबन्दी दवरभाउपत्र आवह्यन गर्दा समेत ठेक्का नलागेकोमा गाउँपालिकाले आफ्नै ६ जना कर्मचारीहरुलाई खटाएर अमानतमा ढुंगा गट्टी बालुवा संकलन तथा निकासी वापत यस वर्ष रु.३७४२०९८.०० राजस्व आम्दानी गरेको छ ।		
४९.	गिट्टी ढुंगा बालुवाको करः स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६४ को उपदफा १(च), ३ र ४ मा ढुंगा गिट्टी बालुवाको करमा प्रदेश सरकार तथा स्थानीय तहको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी जम्मा गर्ने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्धरा खारेज गरी दफा ६२(क) थप गरी स्थानीय तहहरुले ढुंगा गिट्टी बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफ ९ मा संघीय कानूनमा संघीय कानुनसंग बाझिने गरी ढुंगा गिट्टी बालुवा दहत्तर बहत्तरको शुल्क असूली र बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफ ९(क) अनुसार ढुंगा गिट्टी बालुवा वापत संकलित चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्रिपरिषद्ले ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ जारी गरी ढुंगा गिट्टी बालुवा विक्री वापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ । जुन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ विपरित देखिन्छ । पालिकाले यस वर्ष ढुंगा गिट्टी बालुवा विक्रीबाट रु.३७४२०९८.०० प्राप्त गरेकोमा रु.१४९६८३९.०० प्रदेश संचित कोष र रु.२२४५२५९.०० स्थानीय संचित कोषमा जम्मा गरी रु. ३७४२०९८.०० बाँडफाँड गर्न बाँकी देखिन्छ । गिट्टी ढुंगा वालुवाबाट प्राप्त हुने राजस्व उत्पत्तीका आधारमा एवं सो संकलन गर्दा पर्ने वातावरणीय असर सम्बन्धित प्रदेशसंग भएकोले राजस्व बाँडफाँड सम्बन्धी कानून तर्जुमा गर्दा सो विषयलाई मध्य नजर गरी संघीय कानूनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन र बाँडफाँड गर्नुपर्दछ ।		
५०.	निजी जग्गाको ढुंगा उत्खननः गाउँपालिकले कार्यपालिकबाट २०७७।९।२८ मा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ पारित गरी लागू गरेको छ । संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ पारित नभएको अवस्थामा वातावरणीय परीक्षण नगरी ढुंगा विक्री गर्न पालिकाले बल बहादुर कुमाल (वडा नं		

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटव विवरण
	१) लाई अनुमति दिई २०७७।६।२७ मा रु.३७४७७८.०० राजस्व संकलन गरेको पाइयो। कार्यविधि नहुँदै वातावरणीय परीक्षण नगरी उत्खनन कार्य गर्नाले वातावरणमा पर्नजाने नकरात्कम प्रभावको आकलन गर्न सक्ने अस्था देखिदैन। अतः कार्यविधिको पालना गरी प्राकृतिक वस्तुको उत्खनन कार्यले वातावरणमा असर नगर्ने गरी निजी उत्खनन कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।		
५१.	औषधी खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.९९८००१ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । • आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।		
५२.	न्यानो झोला खरिदः गाउँपालिकाले यस वर्ष ३०० थान न्यानो झोला रु. २६९५०५ को खरिद गरेको छ । कार्यालयको विवरण अनुसार आर्थिक वर्षको अन्तमा १२७ थान मौज्दात बाँकी रहेको देखिन्छ। न्यानो झोला लामो समयम सम्म भण्डारण गर्दा प्रयोग गर्न नमिल्ने हुनको साथै आवश्यकता भन्दा बढी खरिद गर्दा कार्यालयलाई अनावश्यक व्ययभार पर्न जाने हुनाले आवश्यकताको आधारमा मात्र खरिद गरी खर्च मितव्ययीता गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।		
५३.	तलबी प्रतिवेदनः निजामति सेवा ऐन, २०४९ को दफा २७(ख) मा स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तवली प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गत कार्यरत स्वास्थ्य सेवातर्फको कर्मचारीहरुको २०७७।७८ को तलबी प्रतिवेदन पारित नगरी रु.७७७४५९६.०० खर्च लेखेको छ । जसले गर्दा शिक्षकहरुको		

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्यौंटको विवरण
	तलब एवं ग्रेड भिडान गरी खर्च एकीन गर्न सकिएन ।		
	शिक्षातर्फ		
५४.	शिक्षक दरवन्दी र पदपूर्तिः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।		

सि. नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	श्री सरस्वती मा.वि. सरुमारानी १	२३	२३	१०	११३३
२	श्री खड्ग ने.रा. प्रा.वि. सरुमारानी १	४	४	३	१०३
३	श्री फैजुल इस्लामिक मदरसा सरुमारनी	१	१	१	६३
४	श्री खड्गेश्वरी मा.वि. सरुमारानी २	८	८	५	५८०
५	श्री सत्य मा.वि. सरुमारानी २	७	७	३	३७३
६	श्री बालविकास आ.वि. सरुमारानी २	७	७	३	२९१
७	श्री सरस्वतीमा.वि. सरुमारानी ३	१६	१६	१०	७७२
८	श्री ने.रा.आ.वि. सरुमारानी ३	६	६	२	३४२
९	श्री सत्यगोरखनाथप्रा.वि. सरुमारानी ३	४	४	३	१६९
१०	श्री वालकल्याण प्रा.वि. सरुमारानी ३	४	४	१	७०
११	श्री सुर्योदय ने.रा.प्रा.वि. सरुमारानी ३	४	४	१	१५०
१२	श्री रासी प्रा.वि. सरुमारानी ३	०	०	०	३८
१३	श्री संगम प्रा.वि. सरुमारानी ३	०	०	०	४०
१४	श्री कास्कोट इस्लामिक मदरसा सरुमारनी ३	०	०	०	३१
१५	श्री जनता मा.वि. सरुमारानी ४	१०	१०	६	७२०
१६	श्री कालिका प्रा.वि. सरुमारानी ४	४	४	२	१०९
१७	श्री वुद्ध प्रा.वि. सरुमारानी ४	३	३	१	७४
१८	श्री ज्वालादेवि प्रा.वि. सरुमारानी ४	१	१	१	४६
१९	श्री श्रमरानी प्रा.वि. सरुमारानी ४	१	१	१	३२
२०	श्री शिवशक्तिप्रा. वि. सरुमारानी ४	१	१	१	४१
२१	श्री भिमसेन मा.वि. सरुमारानी ५	१५	१५	८	६८६
२२	श्री ने.रा.प्रा.वि. सरुमारानी ५	४	४	२	१०५
२३	श्री नमुनाप्रा.वि. सरुमारानी ५	१	१	१	४१
२४	श्री अमरज्योतीप्रा.वि. सरुमारानी ५	१	१	१	४४
२५	श्री श्रमरानीमा.वि. सरुमारानी ६	११	११	७	६५४
२६	श्री ऐश्वर्य प्रा.वि. सरुमारानी ६	५	५	३	२३१
२७	श्री भुवनेश्वरी प्रा.वि. सरुमारानी ६	४	४	१	१२८
२८	श्री ने.रा. प्रा.वि. सरुमारानी ६	३	३	०	७५
	जम्मा	१४८	१४८	७७	७१४१

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ३ वटा विद्यालयमा शिक्षकको दबन्दी नभएको तर १०९ जना विद्यार्थी रहेको पाइयो । भने विभिन्न विद्यालयहरुमा कम विद्यार्थीहरु रहेको पाइएकोले शिक्षकको दरबन्दी नभएकोमा शिक्षक दरबन्दी/पदपूर्ति गर्ने र कम विद्यार्थी भएका विद्यालयहरु एक आपसमा गाभ्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

५५. स्यानिटरी प्याड खरिदः गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक विधायलहरुमा

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्योटको विवरण
	अध्ययनरत किशोरी छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलब्ध गराउनको लागि रु. ३७.१६८ का दरले (मू.अ.कर सहित) रु.१२३०५४५.०० को २९३०० थान वर्षको अन्त्यमा असार महिनामा ३ पटक गरी खरिद गरेको छ । खरिद गरिएका प्याडहरु एकै पटक विद्यालयहरुलाई हस्तान्तरण गरेको र बाँकी १००० थान मौज्दातमा रहेको पाइयो । गाउँपालिकाले वर्षभरी विद्यार्थीलाई निशुल्क उपलब्ध गराउन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढमा खरिद गरेकोले वर्षभरी निशुल्क वितरण गर्ने लक्षित उद्देश्य पुरा हुने नदेखिएको साथै आवश्यकता भन्दा बढी खरिद गर्दा कार्यालयलाई बढी व्ययभार पर्ने दिएकोले समयमै आवश्यकताको आधारमा मात्रै खरिद गरी खर्च मितव्ययिता अपनाउनु पर्दछ ।		
५६.	**लागत साझेदारीमा पशुपन्छी कार्यक्रमः** लागत साझेदारीमा पशुपन्छी कार्यक्रम कार्य संचालन प्रकृया सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार सीमान्तकृत, दलित, महिला, विदेशबाट फर्केका युवा लगायत लक्षित वर्गहरु समूह/समिति/सहकारीमा आवद्ध गरी परिचालन गरी लागत साझेदारीमा मध्यपहाडी लोकमार्ग दुग्ध उत्पादन कार्यक्रम गर्नको लागि बजेट रु.२१७००००.०० प्राप्त भएको छ । यसमा देखिएका व्यहोरा निम्न छः • गाउँपालिकाले आफै लागत साझेदारी नगरी समूह/समिति/सहकारीलाई साझेदारी गरी कार्यक्रम संचालन गर्नको लागि २०७७।११।१८ मा सूचना प्रकासन गरेको छ । सोही सूचना अनुसार सरुमारानी दुग्ध उत्पादन कृषक समिति २०७७।११।२६ मा ५० सदश्यीय (महिलाहरुको) गठन गरी गाउँपालिकासंग २०७८।१।५ लागत साझेदारी गर्न समितिले सम्झौता गरेको छ । • कार्यविधि अनुसार समितिका सदस्यहरुले रु.२१७००००.०० लागत साझेदारी गरी रु.४३४०००० कार्यक्रम कार्ययोजना तयार गरेको छ । जसमा गाई भैसी ५० वटा खरिद गर्न रु.३७७६००० विनियोजन गरेकोमा समितिका सदस्यले ४२ भैसी र ८ गाई छुट्टाछुट्टै खरिद गरेको भनी भरपाई संलग्न गरेको छ । कुन जातको कति उमेरको गाई भैसी हुनुपर्ने कुनै मापदण्ड विना खरिद गर्नुका साथै पशु क्वारेन्टाइन जाँच परीक्षण गरेको पाइन । • कार्ययोजना अनुसार ५० वटा भकारो निर्माण/सुधार गर्न प्रति भकारो रु.५००० का दरले रु.२५०००० विनियोजन गरेकोमा भकारो निर्माण कार्यको लागत अनुमान तयार नागरी कृषकले निर्माण गरेको भनी डोर हाजिरी मात्रै संलग्न छ। यसरी लागत साझेदारीमा कार्यक्रम गरेकोमा मार्गदर्शन अनुसार महिलाहरुको मात्रै संलग्नता रहेको सीमान्तकृत, दलित, विदेशबाट फर्केका युवा लगायत लक्षित वर्गहरु समावेश नभएको साथै पशु खरिद गर्दाको मापदणड नहुंदा सरकारले लिएको लक्ष्य प्राप्त गर्न गाह्यो देखिन्छ ।		
५७.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री		

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फर्स्यौटको विवरण
	रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नौबहिनी गाउँपालिका भित्रका ६ वडाहरुमा पदमार्ग निर्माण, सडक मर्मत तथा नाली निर्माण, कुलो निर्माण, खानेपानी कुवन निर्माण, मोटरबाटो स्तरोउन्नती, पार्का निर्माण, कम्पाउण्ड वाल निर्माण कार्य लगायतका २८ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २५० जनालाई रोजगारी उपलब्ध गराई रु.११४०८९२३.०० खर्च गरेको छ । लक्षित वर्गलाई दैनिक रु.५१७ का दरले ९२.६८८ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।		
५८.	**लघु उद्यम विकास कार्यक्रमः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार लक्षित वर्गलाई लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्न बजेट रु.२९०००००.०० रहेको छ ।नयाँ लघु उद्यमीको सृजना कार्यक्रममा रु.२२८००००.०० विनियोजन रहेकोमा कार्यक्रम संचालन गरी रु.१८७४९९७.०० खर्च भएको छ भने लघु उद्यमको स्तरोन्नति कार्यक्रममा रु.६२००००.०० विनियोजन भएकोमा कार्यक्रम संचालन भएको छैन । जसले गर्दा गरिबी निवारणको लक्ष्य हाँसिल हुन गाह्यो देखिन्छ । अतः निर्देशिकामा भएको व्यवस्था अनुसार कार्यक्रम गरी गरिवी निवारण कार्यमा सघाउ पुर्याउनु पर्दछ ।		
५९.	**कर कट्टी दाखिलाः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा बमोजिम स्रोतमा कर कट्टी गर्नुपर्ने र सो कर रकम १५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले संघीय सशर्त चालूतर्फ खर्चको भुक्तानीमा आर्थिक वर्षभरी कट्टी गरेको पारिश्रमिक कर, अग्रीम कर, सामाजिक सुरक्षा कर, बहाल कर मु.अ.कर २०७८ असार १६, १८ र ३१ मा रु.१११२९०५.०० दाखिला गरेको पाइयो । नियम अनुसार कट्टी गरेको कर समयमै दाखिला गर्नेतर्फ गाउँपालिको ध्यान जानु पर्दछ ।		
६०.	**खरिद योजनाः** सार्वजिनि खरिद नियमावली, २०७४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगममी आर्थिक वर्ष अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा गाउँपालिकाले रु.१५८४८५३४ को खरिद गरेकोमा नियमावली अनुसा बनाउनु पर्ने वार्षिक खरिद योजना तयार नगरी खर्च गरेको पाइयो । यसबाट नियमको पालना नहुनुको साथै खरिद कार्य व्यवस्थित गर्न र अनुमानयोग्य नहुन सक्ने देखिन्छ । तसर्थ आगामी दिनमा वार्षिक खरिद योजना तयार गरी खरिद कार्यलाई व्यवस्थित बनाउनु पर्दछ ।		
६१.	**भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन		

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्र्यौट वि
	प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।		
६२.	सम्परीक्षणः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फस्यौंट कार्यालयबाट हुने व्यवस्था गरेको छ ।गाउँपालिकाले यो बर्ष आ.व २०७६/७७ को देहाय अनुसार को रु.७०४४९२९८.४ बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा सम्परीक्षण भएको छ ।		

आ.व.	दफा नं.	बेरुजुको व्यहोरा	रकम	सम्परीक्षणको व्यहोरा	रकम
२०७६/७७	१	बैक मौज्दात र श्रेस्ताको मौज्दात फरक परेको	१०६८७०९०	बैक हिसाव मिलान विवरण पेश	१०६८७०९०
	२	जिम्मेवारी फरक परेको	१५९८६४७	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	१५९८६४७
	७१	सफ्टवेयर खरीदमा स्वीकृती नलिएको	९९६६६०	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	९९६६६०
२०७५/७६	२०	खर्च वर्गकरण अनुसार खर्च नलेखेको	१२७३०७२	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	१२७३०७२
	१०	खरीदमा नियमित नभएको	५७५२०००	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	५७५२०००
	१८	उपभोक्ताले पेश गरेको मु.अ.कर विजकमा ५०% कट्टा नगरेको	८६६७२२	उपभोक्ता समितिको मु.अ कर विजकमा ५०%मु.अ कर कट्टा गर्नुपर्ने व्यवस्था नभएको र गाउँ सभाबाट नियमित भई फर्छ्यौट	८६६७२२
२०७६/७७	४५क	राजस्व असुली नगरेको	६९६५	रकम असुली भई आएकोले	६९४५
	४५ख	राजस्व असुली नगरेको	१०४४	रकम असुली भई आएकोले	१०४४
	४५ग	राजस्व असुली नगरेको	१०६४	रकम असुली भई आएकोले	१०६४
	८४क	बढि भुक्तानी भएको	१३२८९	रकम असुली भई आएकोले	१३२८९
	८४ख	कर असुली गर्नु पर्ने	३१५९६	रकम असुली भई	३१५९६
	५८	बढी निकास असुल गर्नुपर्ने	१२४६९३१	रकम असुली भई आएकोले	१२४६९३१
	६१.१	खडगेश्वर मा.वि कार्यसम्पन्न पेश हुनुपर्ने	३२०००००	कार्यसम्पन्न पेश	३२०००००
	६१.२	नेपाल राष्ट्रिय मा.वि हंशपुर कार्यसम्पन्न पेश हुनुपर्ने	३२०००००	कार्यसम्पन्न पेश	३२०००००
	६१.३	सरस्वती मा.वि वाङ्गेशाल कार्यसम्पन्न पेश हुनुपर्ने	१५००००००	कार्यसम्पन्न पेश	१५००००००
	७८	सामाजिक सुरक्षा भत्ता नागरीकता वेगर वितरण	१०३४४००	प्रमाण पेश भई आएको	१०३४४००

Scanned with CamScanner

दफा	भौचर, मिति र व्यहोरा	बेरुजु रकम	फस्योंटको विवरण

आ.व.					
२०७४/७५	४३	गाउँसभाबाट अनुमोदन नभएको	१८०३७७२	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	१८०३७७२
	५८	खरीदमा टुक्रा गरेको	३६४१०१०	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	३६४१०१०
	३०	बढि भुक्तानी असुल गर्नु पर्ने	२१९८३	असुली भई आएकोले	२१९८३
	४८	प्रगति पेश नभएको	१०००००	प्रमाण पेश भई	१०००००
२०७५/७६	१०	खर्च नियमित नभएको	१२७३०७२	गाउँ सभाबाट नियमित भई फर्छ्यौट	१२७३०७२
	२४	पेश्की फर्छ्यौट नभएको	१८७०००००	विभिन्न गो भा.नं बाट पेश्की फर्छ्यौट भएको	१८७०००००
		जम्मा			७०४४९२९८

कोभिड-१९ तर्फ

६३. आ.व २०७७।७८ को असाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
गत बर्षको बाँकी	०	राहत वितरण	०
स्थानीय तहको आफ्नै बजेटवाट	५४९५८३९	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	१३८५७०३
संघीय कोभिड कोषवाट	१००००००	औषधी एवं स्वास्थ्य उपकरण खरिद	१६२६४३६
प्रदेश कोभिड कोषवाट	०	आइसोलेसन केन्द्र निर्माण	१५७२४५
अन्य स्रोतबाट	२२५००००	जनशक्ती परीचालन खर्च	१३४१८५२
	०	जोखिम भत्ता	०
	०	प्रशासनिक खर्च	०
	०	अन्य खर्च	१५५९७०२
	०	बाँकी	२६७४९०१
जम्मा	८७४५८३९		८७४५८३९

६४. **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फस्योंट गर्नुपर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः

गत वर्षको बेरुजु रकम रु (A)	यो वर्ष फर्छ्यौट (B)	बाँकी (C=A-B)
८३२११०००.००	७०४४९२९८.४	१२७६१७०२.४

६५. **अद्यावधिक वेरुजू स्थितिः** गाँउपालीकाको आर्थिक वर्ष २०७६/७७ सम्मको फस्योंट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छः

गत वर्षसम्मको फर्छ्यौट गर्न बाँकी रु (C)	यो वर्षको सं पं बाट कायम वेरुजु (D)	यो वर्षको कायम वेरुजु (E)	बाँकी (F=C+D+E)
१२७६१७०२.४	०.००	१६०६०६८५	२८८२२३८७

क.सं.	लेखापरीक्षण टोली	दस्तखत
१	निर्देशक श्रीराम तिमिल्सिना	
२	लेखापरीक्षण अधिकारी श्री चेत बहादुर पण्डित	(signature)
३	लेखापरीक्षण अधिकारी श्री दिलकुमार राई	

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258??
42???
4255??
AG Fax : 977-1-4?????
Fax : 977-1-426???
Post Box : 1332
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

शिक्षा, विज्ञान तथा प्रविधि र विश्वविद्यालय लेखापरीक्षण निर्देशनालय

पत्र संख्या:- २०७८।७९
च.नं.-३४६

मिति- २०७८।८।१४

बिषय- प्रतिक्रियाबाट बेरुजु हटाइएको बारे ।

श्री कार्यालय प्रमुखज्यू,
सरुमारानी गाउँपालिका ,गाउँकार्यपालिकाको कार्यालय,बडडा,प्यूठान ।

उपरोक्त विषयमा त्यस कार्यालयको आर्थिक बर्ष २०७७।७८ को प्रारम्भिक प्रतिवेदनमा औल्याएको बेरुजूहरु तांहाको च.नं ७२७ मितित २०७८/८/१० को पत्रबाट निम्न दफाको बेरुजुको प्रतिकृया एवं प्रमाण कागजात पेश भई मिति २०७८/८/१४ निर्णयले प्रतिकृया तथा प्रमाणबाट देहायका बेरुजु फर्छ्यौट भएकोले उक्त दफाको बेरुजू हटाइएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

सि.नं.	बेरुजू दफा	संक्षिप्त विवरण	सम्परीक्षण भएको रकम
१	१९	आवश्यक प्रमाण पेश भई आएकोले हटाएको	९८२७०५.६५
२	२७	रकम असुली र दाखिला भई आएकोले हटाएको	१२२६४४.००
३	२९	पेश्की फर्छ्यौट भई आएकोले बेरुजु हटाएको	१६०००००.००
४	४५	आवश्यक प्रमाण पेश भई आएकोले हटाएको	२००००.००
५	३१	सरस्वती मा.वि को पेश्की फर्छ्यौट भई आएकोले हटाइको	५०००००.००
६	३१	पेश्की फर्छ्यौट भई आएकोले बेरुजु हटाएको	२५५००००.००
७	३२	पेश्की फर्छ्यौट भई आएकोले बेरुजु हटाएको	५२९८०००.००
८	४३	आवश्यक प्रमाण पेश भई आएकोले हटाएको	४८७३३६.००
जम्मा			१६०६०६८५.६५

बोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काटमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय प्यूठान

(चेत बहादुर पण्डित)
लेखापरीक्षण अधिकारी

दर्ता नं: ५६८
दर्ता मिति: २०७८।०८।१६

Scanned with CamScanner